# चितवन राष्ट्रिय निकुञ्ज कार्यालय



## यसभित्र


- संरक्षण गतिविधि
- वन्यजन्तु व्यवस्थापन
- वन्यजन्तुको उद्धार
- घडियाल गोही नदीमा छाडिएको
- गिद्ध प्रजनन् केन्द्रमा पहिलो पटक बच्चा जन्मियो
- विशेष सुरक्षा
- १९औं वन्यजन्तु सप्ताह-२०७१
- बैठक/निकुञ्ज भ्रमण
- मुद्दा/पर्यटक/राजश्व/वेरुजुको विवरण
- वन्यजन्तुको मृत्यु/मानवीय क्षतीको विवरण
- कार्यक्रमको प्रगति विवरणहरु
- म.क्षे.व्य.स.को बजेट र कार्यक्रम
- राहत वितरण/BCF को अवस्था
- संरक्षण शिक्षा/स्कुल कार्यक्रम
- तालिम/गोष्ठी/विविध


### पृष्ठभूमि

दुर्लभ वन्यजन्तु, वनस्पति, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनको लागि वि.सं.२०३० सालमा स्थापना गरिएको चितवन राष्ट्रिय निकुञ्ज नेपालको पहिलो निकुञ्ज हो। ९३२ वर्ग.कि.मि.क्षेत्रफल रहेको यो निकुञ्ज ७४.०४% चितवन, १५.४५% पर्सा, ६.९७% मकवानपुर र ३.५४% नवलपरासी गरी ४ जिल्लामा फैलिएको छ। यस निकुञ्जलाई सन् १९८४ मा यूनेस्कोले विश्व सम्पदा सुचीमा समावेश गरेको छ भने मध्यवर्ती क्षेत्रमा पर्ने बीसहजार र वरिपरिका ताल सन् २००३ मा अन्तर्राष्ट्रिय महत्वको सिमसार सुचीमा समावेश भएको छ।

निकुञ्जको वरिपरि रहेका ३५ वटा गा.वि.स. तथा ७ वटा नगरपालिकाहरुको आंशिक तथा पुरै वडाहरु समावेश गरी ७५० वर्ग कि.मि.क्षेत्रफललाई मध्यवर्ती क्षेत्रको रुपमा घोषणा गरिएको छ। मध्यवर्ती क्षेत्रमा सञ्चालन गरिने संरक्षण, सामुदायिक विकास, संरक्षण शिक्षा, आयआर्जन र मानव-वन्यजन्तु द्वन्द न्युनिकरण लगायतका कार्यक्रमहरु सञ्चालन गर्नकालागि निकुञ्जले आम्दानी गरेको राजश्वको ३०-५० प्रतिशत सम्म रकम खर्च गर्ने प्रावधान रहेको छ।

### १. संरक्षण गतिविधिः

- कार्यालय र अन्तर्गत रहेका सेक्टर, प्रवेशद्वार र पोष्टहरु तथा नेपाली सेनाको नन्दाबक्स गण, श्रीजंग गण, रणदल गुल्म र नयाँ भैरवीदल गुल्म अन्तर्गतका गुल्म/पोष्ट तथा क्याम्पिङ्गहरुबाट (निजामति कर्मचारीमात्र रहेको १५ वटा, नेपाली सेनामात्र रहेको १८ वटा र संयुक्त १८ वटा तथा क्याम्पिङ्ग ३ वटा) नियमित रुपमा दिवा तथा रात्री गस्ती भै रहेको छ।
- वन्यजन्तुको चोरी शिकारलाई नियन्त्रण एवम् निरुत्साहित गर्न नेपाली सेना र निकुञ्ज कर्मचारीहरुबाट हात्ती समेत परिचालन गरी संयुक्त रुपमा निकुञ्जको विभिन्न क्षेत्रमा क्याम्पिङ्ग तथा स्विपिङ्ग अपरेशनहरु सञ्चालन गरिदै आएको छ।
- चोरी शिकारको दृष्टिकोणबाट संवेदनशिल मानिने हिउँदको





तेस्रो चौमासिक बुलेटिन आ.व.०७०।०७१
वर्ष ३, अंक ३, चैत्र २०७०-आषाढ २०७१

समय माघदेखि आषाढ सम्म ६ महिना नेपाली सेना विशेष सुरक्षा फौज युद्ध भैरवगण, अजयदल गुल्म र निकुञ्ज/आरक्षमा तैनाथ गण/गुल्मका १०० जना बाट १५ वटा सम्मको अपरेशन हन्ट टोली अजयदल गुल्मको नेतृत्वमा परिचालन गरिएकोमा २०७१ साल आषाढ ३१ गते बाट उक्त टोली फिर्ता भएको छ।

- वन्यजन्तुको चोरी शिकार तथा अवैध गतिविधिको दृष्टिकोणले संवेदनशिल मानिएका क्षेत्रहरुमा पूर्वाधार विना नै नेपाली सेना परिचालन गरी क्याम्पिङ्ग र गस्ती कार्य प्रभावकारी बनाइएको छ।
- वन्यजन्तुको चोरी शिकार तथा त्यसको अङ्गको अवैध व्यापारलाई नियन्त्रण गर्न परिचालन गरिएको सुराकी संयन्त्र र सञ्जाललाई प्रभावकारी बनाई सुराकीले दिएको सूचनाको आधारमा गैंडा मारी खाग बिक्री व्यवसाय गर्ने लगायतका अवैध क्रियाकलाप गर्ने (वन्यजन्तु, काठ चोरी निकासी, माछा मार्ने आदी ) व्यक्तिहरुलाई पक्राउ गरी कानुनी कारवाही गर्ने कार्य भै रहेको छ।
- गैंडा लगायतका वन्यजन्तुको विचरण क्षेत्र मध्यवर्ती सामुदायिक वन तथा मध्यवर्ती वन क्षेत्र र निजी क्षेत्रमा बढी भएको वर्तमान अवस्थामा हरेक दिन तथा रातको समयमा मध्यवर्ती क्षेत्रमा नेपाली सेनाको टोली परिचालन भएको छ। रातको समयमा पनि चोरी शिकारीबाट गैंडा मर्न थालेको हुंदा संवेदनशिल क्षेत्रहरुमा रातभर नेपाली सेनाको एम्बुस टोली राखिएको छ। बर्षातको समयमा उक्त टोलीलाई पानीबाट बच्नको लागि सम्भव भएका ठाँऊहरुमा उपभोक्ता समिति र मध्यवर्ती सामुदायिक वनका भवनहरु, मचानहरुमा राखिएको छ भने त्यस्ता पुर्वाधारहरु उपलब्ध नभएका क्षेत्रहरुमा अस्थायी रुपमा मचान र त्रिपालहरुको व्यवस्था गरिएको छ।
- मध्यवर्ती क्षेत्रमा रहेका मध्यवर्ती सामुदायिक वनका हेरालु र वन्यजन्तु संरक्षणमा परिचालन भएका समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण अभियानका युवाहरुलाई संरक्षण कार्यमा सक्रिय बनाईएको छ। समय समयमा निकुञ्जका कर्मचारी, मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका पदाधिकारीहरु, मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह र युवा जागरण अभियानका पदाधिकारीहरुलाई अवलोकन भ्रमण, गोष्ठी जस्ता कार्यमा संलग्न गराई जनचेतना अभिवृद्धिको कार्य गरिएको छ।

### २. वन्यजन्तु व्यवस्थापन:

**क.बाघ :** यस निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत चितवनको मेघौलीको सदावहार मध्यवर्ती सामुदायिक वनबाट मानिस खान पल्केको भाले बाघलाई मिति २०६८।१।१३ गते समातेर कसरा स्थित काठको इन्क्लोजरमा राखी दैनिक रांगाको मासु खुवाएर पालनपोषण गरी व्यवस्थापन गरिएको छ। त्यसै गरी चितवनको बघौडा र गर्दी गा.वि.स.को विभिन्न स्थानमा निस्केर घरपालुवा जनावरहरुलाई क्षति पुऱ्याउदै आएको पाटे बाघलाई मिति २०७०।८।१६ गते नियन्त्रणमा लिई सोही स्थानमा इन्क्लोजरमा राखी पालनपोषण हुंदै आएको छ।

**ख. गैंडा :** निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत चितवनको बर्दाहा मध्यवर्ती सामुदायिक वन मेघौलीसंग जोडिएको निजी जग्गामा करिव ५ महिना जतिको भाले बच्चा गैंडा बाघले आक्रमण गरी घाइते भएको अवस्थामा मिति २०७०।११।१४ गते विहान फेला परेको। उक्त बच्चाको दाहिने खट्टाको घुँडामा चोट लागेर हड्डी देखिएको र खुट्टा सुन्निएर हिड्न नसक्ने भएको। गाउँमा रहेकोले उक्त



बच्चा गैंडालाई उद्धार गरी यस कार्यालयका वरिष्ठ पशु चिकित्सकको प्रत्यक्ष निगरानीमा राष्ट्रिय प्रकृति संरक्षण कोष-जैविक विविधता संरक्षण केन्द्र, सौराहामा राखी औषधी उपचार र पालन पोषण गरिएको छ। हाल उक्त गैंडाको अवस्थामा सुधार भएको र आफै चर्न थालेको छ।

### ३. वन्यजन्तु उद्धार:

विभिन्न ठाउँहरुबाट मलसाप्रो १, बंदेल २, चित्तल २, अजिंगर ३०, रतुवा १, घडियाल गोही १ र मगरगोही १ वटाको उद्धार गरी निकुञ्ज, मध्यवर्ती सामुदायिक वन, मध्यवर्ती वन क्षेत्रमा छाडिएको छ।

### ४. पाटेबाघ छोडिएको:

चितवन जिल्लाको बघौडा र गर्दी गा.वि.स. क्षेत्रमा ५ वटा गाई भैंसी मारेको तथा २ वटा भैंसीलाई घाइते पारेको पाटे बाघलाई बघौडा गा.वि.स.वडा नं. ४ शितलपुर क्षेत्रबाट मिति २०७०/०८/१६ गते नियन्त्रणमा लिई कसरा स्थित घडियाल प्रजन्न केन्द्र परिसरमा रहेको काठको इन्क्लोजरमा राखेर पालनपोषन गर्दै आएकोमा २०७१ साल आषाढ २ गते बाघको प्राकृतिक वासस्थान निकुञ्जको टेम्पलटाइगर क्षेत्रमा छोडिएको छ।

### ५ गिद्ध प्रजन्न केन्द्रमा पहिलो पटक बच्चा जन्मियो:

यस निकुञ्जको कसरामा रहेको घडियाल संरक्षण तथा प्रजन्न केन्द्रको परिसरमा सन् २००८ (वि.सं. २०६५) मा गिद्ध संरक्षण तथा प्रजन्न केन्द्र स्थापना भएको छ। हाल उक्त केन्द्रमा ५७ वटा गिद्ध रहेका छन। त्यस मध्ये एउटा जोडीले २०७० साल माघ १ गते अण्डा पारेको थियो। अण्डा पारेको ६१ दिनमा उक्त गिद्धले २०७०/१२/०२ गते दिनको ४:४५ बजे एउटा चल्ला कोरलेको छ। हाल उक्त बच्चा उड्न थालेको छ।

### ६. घडियाल गोही नदीमा छाडिएको:

घडियाल संरक्षण प्रजनन् केन्द्रमा पालनपोषण गरी हुर्काइएका वि.सं.२०६५ सालमा जन्मेका घडियाल गोहीका बच्चाहरु मध्ये ४ वटा पोथी र १ वटा भाले गरी जम्मा ५ वटालाई १९औं वन्यजन्तु सप्ताह-२०७१ को अवसरमा वन तथा भू-संरक्षण मन्त्री मा. श्री महेश आचार्यज्यूबाट कसरा नजिकबाट राप्ती नदीमा छोडिएको छ।



### ७. विशेष सुरक्षा :

चोरी शिकारको लागि बढी संवेदनशिल मानिएको समय माघदेखि आषाढ महिना सम्मको लागि विगत वर्षहरुमा जस्तै यस वर्ष नेपाली सेनाको विशेष सुरक्षा फौजको रुपमा युद्ध भैरवगण र अजयदलबाट खटिएको टिममा निकुञ्ज/आरक्ष सुरक्षार्थ तैनाथ नेपाली सेनाको नन्दाबक्स गण, रणदल गुल्म र दुर्गादल गुल्मबाट केही थप गरी १०० जना यस निकुञ्ज र पर्सा वन्यजन्तु आरक्षमा परिचालन भएकोमा २०७१ आषाढ ३१ बाट फिर्ता भएको छ । चोरी शिकार नियन्त्रणका लागि पैदल, गाडी, साइकल, डुंगा लगायतका गस्ति गरिएको छ। त्यसै गरी विशेष Sweeping and camping operation चलाइएको थियो । पोष्टको संख्या ५२ बाट बढाएर स-साना समूहमा विभाजन गरी १२३ स्थानमा राखेर सुरक्षाको प्रबन्ध मिलाइएको छ भने विशेष सुरक्षा फौजको अपरेशन हन्टको ११ वटा टोलीले चोरी शिकारको कारणबाट अति सम्वेदनशिल मानिएका क्षेत्रहरुमा दिन र रात दुवै समयमा गस्ति गरिएको र यसको एक टोलीलाई जिल्ला वन कार्यालय, चितवन अन्तर्गतको सेतीदेवी सामुदायिक वन क्षेत्रमा राखिएको छ ।

### ८. वन्यजन्तु सप्ताह-२०७१ :

१९औं वन्यजन्तु सप्ताह-२०७१ निकुञ्ज र यसको मध्यवर्ती क्षेत्र तथा आसपासमा देहाय बमोजिमको कार्य गरी मनाइएको छ ।

क) मिति २०७१/०१/०१ गते बिहान प्रमुख संरक्षण अधिकृत श्री कमलजङ्ग कुँवर, नेपाली सेना नन्दाबक्स गणका सेनानी श्री सुनिल विक्रम शाह र मध्यवर्ती क्षेत्र केरुङ्गा उपभोक्ता समिति तथा कसरा सेक्टरका संयोजक विजय भुजेलबाट क्रमशः राष्ट्रिय, विश्व सम्पदा र चितवन राष्ट्रिय निकुञ्जको झण्डा झण्डोत्तलन गरी वन्यजन्तु सप्ताहको ब्यानर टांसेर निकुञ्जको मुख्यालय कसराबाट १९औं वन्यजन्तु सप्ताह-२०७१ को शुभारम्भ गरियो ।

ख) मिति २०७१/०१/०२ गते राप्ति तथा नारायणी नदीमा गोही तथा चरा अनुगमन गरियो ।

ग) मिति २०७१/०१/०३ गते पूर्व पश्चिम राजमार्गको टिकौली र कावासोती खण्ड लगायत विभिन्न स्थानहरुको सरसफाई, सूचना बोर्ड राख्ने तथा पम्प्लेटिङ गर्ने कार्य गरियो ।

घ) मिति २०७१/०१/०४ गते सौराहा तथा कसरा क्षेत्रमा विभिन्न विद्यालय र इको क्लबका सदस्यहरुसँग चरा अवलोकन तथा वनस्पति पहिचान गरियो ।

ङ) मिति २०७१।१।५ गते बीसहजार तालमा बैठक, सरसफाई, अन्तर्क्रिया र वन्यजन्तु संरक्षणको सन्देश सहितको र्‍याली गरियो ।

च) मिति २०७१।१।६ गते गैंडा संरक्षणमा शुन्य चोरी शिकार वर्ष-२०७० विभिन्न सरोकारवालाहरुको बीचमा वन तथा भू-संरक्षण मन्त्री मा. श्री महेश आचार्यज्यूको उपस्थितीमा एक समारोह आयोजना गरी विभिन्न संघ संस्था तथा व्यक्तिहरुलाई सम्मान तथा प्रशंसा पत्र प्रदान गरियो ।

छ) मिति २०७१।१।७ गते वन तथा भू-संरक्षण मन्त्री मा. श्री महेश आचार्यज्यूको प्रमुख आतिथ्यमा घडियाल संरक्षण तथा प्रजनन केन्द्रमा हुर्काइएका ५ वटा घडियाल गोही (१ भाले र ४ पोथी) लाई प्राकृतिक बासस्थान निकुञ्जको राप्ती नदीमा कसराको नजिकबाट छाडने तथा निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको अवलोकन तथा निरीक्षण भ्रमण गरी १९औं वन्यजन्तु सप्ताह-२०७१ को समापन गरियो ।

### ९. विश्व वातावरण दिवस २०१४ :

“हिमाल बचाऔं, वातावरण जोगाऔं (Raise Your Voice Not the Sea Level)” भन्ने मूल नाराका साथ चितवन राष्ट्रिय निकुञ्ज तथा यसको मध्यवर्ती क्षेत्रमा विभिन्न कार्यक्रमको आयोजना गरी विश्व वातावरण दिवस-जुन ५,२०१४ (२०७१/०२/२२), मनाइएको छ । यस अवसरमा



मिति २०७१/०२/२२ गते गैंडा, बाघ, हात्ती, भालु, बंदेल लगायतका वन्यजन्तुबाट घाइते र मृत्यु भएका मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने स्थानीय वासिन्दाहरुको नर्सरी देखि कक्षा १२ सम्म अध्ययनरत ५० जना विद्यार्थीलाई प्रति व्यक्ति रु १०,०००।- (दश हजार) का दरले छात्रवृत्ति वितरण गरियो। त्यसै गरी सोही दिन बिहान निकुञ्ज कार्यालय, जिल्ला वन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, पत्रकार, विद्यार्थी, स्वास्थ्यकर्मी, सामुदायिक वनका उपभोक्ता लगायत स्थानीय व्यक्तिहरुको उपस्थितिमा वरण्डाभार वन क्षेत्रको पूर्व पश्चिम सडक



क्षेत्रमा सरसफाई कार्यक्रम र निकुञ्ज कार्यालय तथा निकुञ्ज सुरक्षार्थ तैनाथ नेपाली सेनाको श्रीजंग गणको हेडक्वाटर लगायत सम्पूर्ण पोष्टहरुमा सरसफाई कार्यक्रम सम्पन्न भयो । साथै निकुञ्जलाई प्लाष्टिक रहित गराउने उद्देश्यका साथ सप्ताहव्यापी रुपमा निकुञ्जभित्र रहेका बाटोहरु तथा मध्यवर्ती क्षेत्रका विभिन्न सार्वजनिक स्थल तथा विद्यालयहरुमा निकुञ्ज र श्रीजंग गणको संयुक्त प्रयासमा सरसफाई कार्य सम्पन्न गरियो ।

### १०. गण तथा गुल्म अदलीबदली :

यस निकुञ्जको सुरक्षार्थ तैनाथ नेपाली सेनाको नन्दाबक्स गण र रणदल गुल्मको बदलामा क्रमशः श्रीजंग गण र नयाँ भैरवीदल गुल्म अदलीबदली भएका छन। श्रीजंग गणले २०७१/०१/१४ देखि र नयाँ भैरवीदल गुल्मले २०७१/०१/२० देखि आ-आफ्नो क्षेत्रको कार्यभार सम्हालेका छन ।

### ११. मध्यवर्ती क्षेत्र उपभोक्ता समूह/समिति पुनर्गठन :

यस निकुञ्जको मध्यवर्ती क्षेत्र व्यवस्थापन समूह/समितिको म्याद २०७०/११/१७ मा समाप्त भएकोले पुनः समूह/समिति पुनर्गठन कार्य भै रहेको छ। हाल सम्म १४ वटा समिति र १ वटा उपसमिति पुनर्गठन कार्य सम्पन्न भएका छन भने बाँकी ७ वटा पुनर्गठनका क्रममा छन ।

### १२. शुन्य चोरी शिकार वर्ष-२०७०

क) २०७० मा नेपालभर चोरी शिकारबाट गैंडाको मृत्यु भएको छैन। यस वर्षलाई नेपालले गैंडा संरक्षणमा शुन्य चोरी शिकार वर्षको रुपमा मनाएको छ। यसै उपलक्ष्यमा चितवन राष्ट्रिय निकुञ्जमा १९औं वन्यजन्तु सप्ताह-२०७१ को अवसरमा वन तथा भू-संरक्षण मन्त्री मा. श्री महेश आचार्यज्यूको उपस्थितिमा एक कार्यक्रम आयोजना गरी विभिन्न संघ संस्था र व्यक्तिहरुलाई सम्मान तथा प्रशंसा पत्र प्रदान गरियो ।

## १३. वन्यजन्तुबाट भएको क्षती तथा राहत विवरणः

मध्यवर्ती क्षेत्रको विभिन्न उपभोक्ता समिति अन्तर्गत भएको मानवीय क्षति तथा अन्य क्षतिको विवरण र वन्यजन्तुबाट भएको क्षतिको राहत सहयोग निर्देशिका, २०६९ बमोजिम प्राप्त गरेको राहत विवरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | निवेदकको नाम | ठेगाना | उपभोक्ता समिति | घटना मिति | घटना विवरण | माग गरेको रकम | निर्देशिका अनुसार प्राप्त गर्न सक्ने रकम | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मानविय क्षति | पशुधन क्षति | घरगोठ | अन्न क्षति | वालिनाली फलफूल क्षति | जम्मा | |
| १ | प्रेम वहादुर परियार | पिठौली ४, नवलपरासी | लामिचौर | २०७०।५।१५ | वाघले खसी मारेको | ८०००।० | | ८०००।० | | | | ८०००।० | |
| २ | नारायण वहादुर रानाभाट | कल्याणपुर ४, चितवन | रेवा | २०७०।६।२ | चितुवाले वंगूर मारेको | १७०००।० | | १००००।० | | | | १००००।० | |
| ३ | रीता गर्जामगर | अयोध्यापुरी ६ , चितवन | अयोध्यापुरी | २०७०।६।१३ | गैंडाले वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ४ | ज्ञान वहादुर राई | अयोध्यापुरी ५, चितवन | अयोध्यापुरी | २०७०।०६।२१ | गैंडाले वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ५ | शेर वहादुर थापामगर | अयोध्यापुरी ५, चितवन | अयोध्यापुरी | २०७०।०६।२१ | गैंडाले वाली क्षति | ६०००।० | | | | | ६०००।० | ६०००।० | |
| ६ | दुर्गा वहादुर सुनार | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट वाली क्षति | १८०००।० | | | | | १००००।० | १००००।० | |
| ७ | कृष्ण व. वि.क. | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।५ | हात्तीवाट वाली क्षति | १८०००।० | | | | | १००००।० | १००००।० | |
| ८ | वोधराज तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट वाली क्षति | १२०००।० | | | | | १००००।० | १००००।० | |
| ९ | भोज प्रसाद दवाडी | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।६ | हात्तीवाट वाली क्षति | १२०००।० | | | | | १००००।० | १००००।० | |
| १० | ऋषि वहादुर सुनार | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।४ | हात्तीवाट वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ११ | पदम वहादुर आचार्य | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट वाली क्षति | १००००।० | | | | | ९०००।० | ९०००।० | |
| १२ | नविन तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| १३ | राज कुमारी वि.क. | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | ३००००।० | | | | | १००००।० | १००००।० | |
| १४ | देव प्रसाद अधिकारी | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १६०००।० | | | | | १००००।० | १००००।० | |
| १५ | सरस्वती अधिकारी | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १००००।० | | | | | ९०००।० | ९०००।० | |
| १६ | वलराम अधिकारी | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | २५०००।० | | | | | १००००।० | १००००।० | |
| १७ | खेम नारायण शर्मा | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| १८ | राम वहादुर आचार्य | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १००००।० | | | | | ९०००।० | ९०००।० | |
| १९ | गोपाल प्रसाद दुवाडी | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १००००।० | | | | | ९०००।० | ९०००।० | |
| २० | तारापती आचार्य | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| २१ | द्रोणचार्य दुवाडी | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १२०००।० | | | | | १००००।० | १००००।० | |
| २२ | तारानाथ दुवाडी | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| २३ | भोज राज तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।२९ | हात्तीवाट धान वाली क्षति | १२०००।० | | | | | १००००।० | १००००।० | |
| २४ | रत्नमाया तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।९ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| २५ | गोमादेवी वराल | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १२०००।० | | | | | ९०००।० | ९०००।० | |
| २६ | रत्नमाया आचार्य | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| २७ | पदम व. आचार्य | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | ६०००।० | | | | | ४०००।० | ४०००।० | |
| २८ | चन्द्रकला सुवेदी | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।१२ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| २९ | कमलपति पौडेल | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।२८ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ३० | कमलपति पौडेल | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।२७ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | ८०००।० | ८०००।० | |
| ३१ | केशव प्रसाद तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | ९०००।० | ९०००।० | |
| ३२ | सन्तदेवी अधिकारी | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।१२ | हात्तीवाट धान वाली क्षति | ८०००।० | | | | | ५०००।० | ५०००।० | |
| ३३ | धनपति पौडेल | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२२ | हात्तीवाट धान वाली क्षति | ३००००।० | | | | | १००००।० | १००००।० | |
| ३४ | राम चन्द्र तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।२६ | हात्तीवाट धान वाली क्षति | २२०००।० | | | | | १००००।० | १००००।० | |
| ३५ | भोज राज आचार्य | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।२७ | हात्तीवाट धान वाली क्षति | ३००००।० | | | | | १००००।० | १००००।० | |
| ३६ | गणेश सुवेदी | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।५ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| ३७ | इम कुमारी तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।४ | हात्तीवाट धान वाली क्षति | २२०००।० | | | | | १००००।० | १००००।० | |
| ३८ | धर्म कुमारी पौडेल | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।२५ | हात्तीवाट धान वाली क्षति | २४०००।० | | | | | १००००।० | १००००।० | |
| ३९ | लक्ष्मीपती पौडेल | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।२७ | हात्तीवाट धान वाली क्षति | २६०००।० | | | | | १००००।० | १००००।० | |
| ४० | देवका सुनार | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | ३००००।० | | | | | १००००।० | १००००।० | |
| ४१ | खिमलाल तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।२३ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ४२ | शिवहरी पौडेल | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।२७ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | ९०००।० | ९०००।० | |
| ४३ | डल्ली तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।५ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | ९०००।० | ९०००।० | |
| ४४ | नर व. वि.क. | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।२६ | हात्तीवाट धान वाली क्षति | १००००।० | | | | | ६०००।० | ६०००।० | |
| ४५ | गुन वं परियार | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।५ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| ४६ | पूर्ण व. कुमाल | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।२८ | हात्तीवाट धान वाली क्षति | ८०००।० | | | | | ५०००।० | ५०००।० | |
| ४७ | नेत्र प्रसाद तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।३१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | ९०००।० | ९०००।० | |
| ४८ | डण्ड व. आचार्य | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | १००००।० | | | | | ८०००।० | ८०००।० | |
| ४९ | टिकाराम अधिकारी | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | ३००००।० | | | | | १००००।० | १००००।० | |
| ५० | वावुराम तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १२०००।० | | | | | १००००।० | १००००।० | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५१ | रिखिराम तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।४ | हात्तीवाट धान वाली क्षति | १२०००।० | | | | | १००००।० | १००००।० | |
| ५२ | भिम वहादुर खत्री | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १००००।० | | | | | ८०००।० | ८०००।० | |
| ५३ | चन्द्रकला तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ५४ | गोविन्द प्र· तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १२०००।० | | | | | ९०००।० | ९०००।० | |
| ५५ | रामचन्द्र तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०६।३१ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ५६ | दिपा काफ्ले | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।३ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ५७ | दिपक के·सी· | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ५८ | पुर्ण कला तिमिल्सिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | २००००।० | | | | | १००००।० | १००००।० | |
| ५९ | लक्ष्मी जैसी | अयोध्यापुरी ४, चितवन | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| ६० | टिकामती मगर्नी | अयोध्यापुरी ४, चितवन | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| ६१ | फरासी मगर | अयोध्यापुरी ४, चितवन | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| ६२ | सन व· पुन मगर | अयोध्यापुरी ४, चितवन | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | २१०००।० | | | | | ९०००।० | ९०००।० | |
| ६३ | वालाचन्द्र श्रेष्ठ | अयोध्यापुरी ४, चितवन | अयोध्यापुरी | २०७०।०६।३१ | हात्तीवाट धान वाली क्षति | ९०००।० | | | | | ५०००।० | ५०००।० | |
| ६४ | प्रेम वहादुर पुन मगर | अयोध्यापुरी ४, चितवन | अयोध्यापुरी | २०७०।०६।३१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | ९०००।० | ९०००।० | |
| ६५ | शंकर पुन | अयोध्यापुरी ४, चितवन | अयोध्यापुरी | २०७०।०७।१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | ९०००।० | ९०००।० | |
| ६६ | कुल व· मगर | अयोध्यापुरी ४, चितवन | अयोध्यापुरी | २०७०।०७।२ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | ९०००।० | ९०००।० | |
| ६७ | टिका व· मगर | अयोध्यापुरी ४, चितवन | अयोध्यापुरी | २०७०।०६।३१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | ९०००।० | ९०००।० | |
| ६८ | नेमराज पुन | अयोध्यापुरी ४, चितवन | अयोध्यापुरी | २०७०।०७।४ | हात्तीवाट धान वाली क्षति | २१०००।० | | | | | १००००।० | १००००।० | |
| ६९ | पुर्ण वहादुर थापा | अयोध्यापुरी ६, चितवन | अयोध्यापुरी | २०७०।०६।३० | गैंडावाट धान वाली क्षति | २००००।० | | | | | ९०००।० | ९०००।० | |
| ७० | पम्फा श्रेष्ठ | अयोध्यापुरी ४, चितवन | अयोध्यापुरी | २०७०।०६।३१ | हात्तीवाट धान वाली क्षति | १५०००।० | | | | | १००००।० | १००००।० | |
| ७१ | मोतीलाल वराल | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।०७।२१ | हात्तीवाट घरगोठ क्षति | १००००।० | | | ९०००।० | | | ९०००।० | |
| ७२ | सुकराम वराल | अयोध्यापुरी २, चितवन | अयोध्यापुरी | २०७०।०७।८ | वाघले गोरु २ मारेको | ५००००।० | | २००००।० | | | | २००००।० | |
| ७३ | मिन वहादुर पराजुली | अयोध्यापुरी २, चितवन | अयोध्यापुरी | २०७०।०७।८ | वाघले गोरु मारेको | २५०००।० | | १००००।० | | | | १००००।० | |
| ७४ | खममाया भुजेल | अयोध्यापुरी २, चितवन | अयोध्यापुरी | २०७०।०७।९ | वाघले भैंसीको पाडी मारेको | १५०००।० | | १००००।० | | | | १००००।० | |
| ७५ | चन्द्र वं भुजेल | अयोध्यापुरी २, चितवन | अयोध्यापुरी | २०७०।०७।११ | वाघले भैंसी मारेको | ५५०००।० | | १००००।० | | | | १००००।० | |
| ७६ | राजु सिंखडा | र·न·पा· ७, चितवन | मृगकून्ज | २०७०।०६।३१ | वदेलको आक्रमणवाट घाईते | १५३०४।० | १५३०४।० | | | | | १५३०४।० | |
| ७७ | बुद्धी गुरुगं | र·न·पा· ७, चितवन | मृगकून्ज | २०७०।०६।३१ | वदेलको आक्रमणवाट घाईते | ५१००।० | ५१००।० | | | | | ५१००।० | |
| ७८ | हर्क बहादुर बोटे | जगतपुर १, चितवन | केरुगां | २०७०।६।२२ | चितुवाले बाखा खाएको | ३८५०।० | | ३८५०।० | | | | ३८५०।० | |
| ७९ | महेश बोटे | जगतपुर १, चितवन | केरुगां | २०७०।६।२९ | गैडा बाट गम्भिर घाइते | ५१७९१।९ | ५००००।० | | | | | ५००००।० | |
| ८० | जिबलाल सुबेदी | मेघौली १, चितवन | मेघौली | २०७०।६।६ | गैडाबाट गम्भिर घाइते | १२४४६२।० | ५००००।० | | | | | ५००००।० | |
| ८१ | जितेन्द्र बोटे | गर्दी४, चितवन | पाचपाण्डव | २०७०।२।२ | भालु बाट गम्भिर घाइते | ५००००।० | ५००००।० | | | | | ५००००।० | |
| ८२ | सिता सापकोटा | गर्दी ८, चितवन | पाचपाण्व | २०७०।७।१३ | भालुको आक्रमणवाट मानव घाईते | ५९४२४।० | ५००००।० | | | | | ५००००।० | |
| ८३ | चिरञ्जीवी वि·क· | गर्दी २, चितवन | पाचपाण्व | २०७०।७।१३ | भालुको आक्रमणवाट मानव घाईते | ३०३१।० | ३०३१।० | | | | | ३०३१।० | |
| ८४ | घनश्याम अधिकारी | गर्दी २, चितवन | पाचपाण्व | २०७०।७।१३ | भालुको आक्रमणवाट मानव घाईते | १४०२२।० | १२१००।० | | | | | १२१००।० | |
| ८५ | जवनारायण लामिछाने | गर्दी ९, चितवन | पाचपाण्व | २०७०।६।२४ | भालुको आक्रमणवाट मानव घाईते | २८९२४।० | २८९२४।० | | | | | २८९२४।० | |
| ८६ | पशुपति आचार्य | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।८।१ | हात्तीले धान खाएको | १००००।० | | | | | ८०००।० | ८०००।० | |
| ८७ | कृण्ण कुमारी आचार्य | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।८।१ | हात्तीले धान खाएको | १००००।० | | | | | ८०००।० | ८०००।० | |
| ८८ | मिन बहादुर थापा | अयोध्यापुरी २, चितवन | अयोध्यापुरी | २०७०।८।४ | हात्तीले घरगोठ भत्काएको | १५००००।० | | | १००००।० | | | १००००।० | |
| ८९ | चन्द्रकली तिमिल्सीना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।७।२९ | हात्तीले धान खाएको | ८०००।० | | | | | ५०००।० | ५०००।० | |
| ९० | त्रिलोचन तिमिलसिना | अयोध्यापुरी १, चितवन | अयोध्यापुरी | २०७०।७।२९ | हात्तीले धान खाएको | १२०००।० | | | | | ९०००।० | ९०००।० | |
| ९१ | हरीलाल अधिकारी | अयोध्यापुरी ७ , चितवन | अयोध्यापुरी | २०७०।८।९ | बाघले गाइ खाएको | ४००००।० | | १००००।० | | | | १००००।० | |
| ९२ | वलराम मोक्तान | कालिकाटार ८, मकवानपुर | लोथर | २०७०।८।८ | हात्तीको आक्रमणबाट गम्भिर घाइते | १६८५९१।० | ५००००।० | | | | | ५००००।० | |
| ९३ | सुकमाया तामाङ्ग | गुन्जनगर ७, चितवन | कालाबन्जर | २०७०।१०।२० | बाघको आक्रमण बाट मृत्यु | ३०००००।० | ३०००००।० | | | | | ३०००००।० | |
| ९४ | रामप्यारी परियार | दिब्यनगर ३, चितवन | कालाबन्जर | २०७०।१०।२ | बाघको आक्रमण बाट मृत्यु | ३०००००।० | ३०००००।० | | | | | ३०००००।० | |
| ९५ | धनसरी परियार | गर्दी १, चितवन | पाण्डव | २०७०।१०।२२ | हात्तिको आक्रमण बाट मृत्यु | ३०००००।० | ३०००००।० | | | | | ३०००००।० | |
| ९६ | सपना गुरुङ्ग | गितानगर १, चितवन | बरण्डाभार | २०७०।९।७ | हात्तिको आक्रमण बाट मृत्यु | ३०००००।० | ३०००००।० | | | | | ३०००००।० | |
| ९७ | धुव बहादुर कार्की | रणदल गुल्म, नवलपरासी | लामिचौर | २०७०।७।२३ | भालुको आक्रमणबाट सख्त घाईते | ५०७१५।० | ५००००।० | | | | | ५००००।० | |
| ९८ | बीरेन्द्र पनेरु | ठोरी ५, पर्सा | निर्मलठोरी | २०७०।१०।२७ | हात्तिको आक्रमण बाट घाइते | १२८२८।० | १२८००।० | | | | | १२८००।० | |
| ९९ | भोलानाथ घिमिरे | निर्मठोरी २, पर्सा | निर्मलठोरी | २०७०।१०।२६ | बाघको आक्रमण बाट घाईते | १५०००।० | १५०००।० | | | | | १५०००।० | |
| १०० | राजु दराई | जगतपुर २, चितवन | केरुगां | २०७०।९।९ | गैंडाले हानी सख्त घाइते भएको | ६४६८४।० | ५००००।० | | | | | ५००००।० | |
| १०१ | राम महतो | बघौडा २, चितवन | बघौडा | २०७०।९।५ | भालुको आक्रमणमा परी घाईते | ३१७००।० | ३११००।० | | | | | ३११००।० | |
| १०२ | दुर्गा देवि बस्याल | बघौडा ६, चितवन | बघौडा | २०७१।१।११ | भालुको आक्रमणमा परी घाईते | १६८८४।० | १६०००।० | | | | | १६०००।० | |
| १०३ | उमा अमात्य | तमसरिया ७, नवलपरासी | लामीचौर | २०७१।१।१२ | बंदेलको आक्रमणमा परी घाईते | १६५६४।० | १६५००।० | | | | | १६५००।० | |
| १०४ | हरि प्रसाद चापागांई | कल्याणपुर ५, चितवन | रेवा | २०७०।१२।१६ | बंदेलको आक्रमणमा परी घाईते | २००००।० | २००००।० | | | | | २००००।० | |
| | जम्मा | | | | | ३५१३८७४।९ | १७२५८५९।० | ८१८५०।० | १९०००।० | ०।० | ६५९०००।० | २४८५७०९।० | |

**१४. बैठक** : प्रत्येक महिनाको ३ गते यस कार्यालयको कर्मचारी बैठक नियमित भएको छ ।

## १५. मुद्दाको विवरण:

गत आ.व.को ८४ वटा र यस आ.व. २०७०/०७१ मा दर्ता भएका ४१ वटा गरी जम्मा १२५ वटा मुद्दा मध्ये यस अवधिमा ३६ वटा फैसला भई ८९ वटा मुद्दा फैसला हुन बांकी रहेको छ। यस अवधिमा विभिन्न मुद्दामा २१४ जना पक्राउ गरिएकोमा ९ जना पुर्पक्षको लागि थुनामा राख्न भरतपुर कारागार पठाइएको छ भने १८ जना धरौट राखी तारेखमा, १४ जना जिम्मा जमानीमा र १७३ जनालाई दण्द जरिवाना गरी छाडिएको छ।

| क.स. | विवरण | गत आ.व.को जिम्मेवारी सरी आएको | आ.व. ०७०/७१ मा दर्ता | जम्मा मुद्दा थान | यस अवधिमा फैसला | बांकी मुद्दा |
|---|---|---|---|---|---|---|
| १. | गैंडाको खाग | ३१ | ९ | ४० | १३ | २७ |
| २. | बाघ | १ | १ | २ | १ | १ |
| ३. | अन्य वन्यजन्तु | ९ | ११ | २० | ४ | १६ |
| ४. | वन पैदावार | ३७ | २० | ५७ | १७ | ४२ |
| ५. | वन अतिक्रमण | २ | ० | २ | १ | १ |
| ६. | विना अनुमति प्रवेश | ४ | ० | ४ | ० | ४ |
| | जम्मा | ८४ | ४१ | १२५ | ३६ | ८९ |

## १६.पर्यटक विवरण:

| क.सं. | पर्यटक विवरण | चौमासिक अवधिको जम्मा | |
|---|---|---|---|
| | | ०६९चैत्र-२०७०आषाढ | ०७०चैत्र-२०७०आषाढ |
| १ | बिदेशी | ३१३२३ | ३४९१८ |
| २ | सार्क | ६७९५ | ८५७५ |
| ३ | नेपाली | ८४८२ | ९७१४ |
| | जम्मा | ४६६०० | ५३२०७ |

नोट: गत आ.व.को यस अवधिमा भन्दा यस आ.व.मा ६६०७ जनाले बढी

## १७. राजश्व विवरण:

| क.सं. | विवरण | चौमासिक अवधिको जम्मा | |
|---|---|---|---|
| | | २०६९चैत्र-२०७० आषाढ | ०७० चैत्र-२०७१ आषाढ |
| १ | प्रवेश शुल्क | ६९९१३६८०।०० | ८४०६३७८४।०० |
| २ | हात्ती भाडा | ६५२२५०।०० | १५७०००।०० |
| ३ | सुविधा प्राप्त बाटो | ८६९९२०।०० | ११६०८४०।०० |
| ४ | जंगल ड्राइभ | ७७७२०००।०० | ७४६९५००।०० |
| ५ | दण्ड जरिवाना | ५०८७२०।०० | ४७५८२३।०० |
| ६ | घाट ठेक्का | २४३०१००।०० | १०९३११०।०० |
| ७ | खरखडाइ | १०८२००।०० | २६६७५।०० |
| ८ | गिट्टी बालुवा | ४३४९९५१।०० | ३१४९१३७।०० |
| ९ | टेण्डर फाराम बिक्री | २७९००।०० | २१४००।०० |
| १० | वन पैदावार | ८९६७०।०० | ०।०० |
| ११ | विविध | ९७६७७।०० | ९९५५।०० |
| १२ | डुंगा सफारी | ७९५००।०० | ०।०० |
| १३ | भ्याट | ५६८४७०।६६ | ४००३४२।०० |
| १४ | लिलाम | ०।०० | ५००००।०० |
| | जम्मा | ८७४६८०३८।६६ | ९८०७७५६६।०० |

## १८.बेरुजु विवरण

| क.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | बेरुजु | ४,९१,७२,३४३।६६ |
| २ | फछ्र्यौट | १,५८,२४,०००।०० |
| ३ | फछ्र्यौटको लागि कारवाही भएको | ३८,३४,८७८।१७ |

## १९. वन्जन्तुको मृत्यु:

| क्र. स.. | वन्यजन्तु | विवरण |
|---|---|---|
| १ | भाले रतुवा | मिति २०७०।१२।१ गते नवलपरासीको कुमारवर्तीमा कुकुरले लखेटेर मारेको । |
| २ | भाले गौरी गाई | मिति २०७०।१२।३ गते डुमरिया पोष्टबाट करिब २०० मिटर उत्तर पश्चिममा एउटा बुढो भाले गौरी गाई कालगतिले मरेको । |
| २ | भाले चित्तल | मिति २०७०।१२।१४ गते नवलपरासीको कुमारवर्तीमा कुकुरले लखेटेर मारेको । |
| ३ | भाले चित्तल | मिति २०७०।१२।२१ गते नवलपरासीको कोल्हुवामा कुकुरले लखेटेर मारेको । |
| ४ | भाले रतुवा | मिति २०७०।१२।२२ गते नवलपरासीको गुन्द्रही ढकाहा म.सा.व.मा कुकुरले लखेटेर मारेको । |
| ५ | भाले चित्तल | मिति २०७१।१।६ मा दक्षिणकाली म.सा.व., चितवनमा कुकुरले लखेटेर मारेको । |
| ६ | भाले बंदेल | मिति २०७१।१।११ मा बाटुली पोखरी म.सा.व., चितवनमा कुकुरले आक्रमण गर्दा तारजालीमा ठोक्किएर मरेको । |
| ७ | भाले जरायो | मिति २०७१।१।१७ मा गोहीले घाइते बनाएकोमा २ दिन पछि मरेको । |
| ८ | भाले गैंडा | मिति २०७१।१।२० मा दोभान मध्यवर्ती सामुदायिक वन क्षेत्रमा चोरी शिकार बाट मृत्यु भएको । |
| ९ | गैंडाको भाले बच्चा | मिति २०७१।१।२४ गते रा.नि.को नवलपरासी स्थित लौगांई क्षेत्रमा बाघको आक्रमणमा परी करिब डेढ बर्षको भाले गैंडाको मृत्यु भएको । |
| १० | भाले चित्तल | मिति २०७१।१।२८ मा बाटुली पोखरी म.सा.व., चितवनमा कुकुरले आक्रमण गर्दा तारजालीमा ठोक्किएर मरेको । |
| ११ | भाले चित्तल | मिति २०७१।२।१ मा बाराही रिर्सोट प्रा.लि.को पारी पट्टी निकुञ्ज क्षेत्रमा कुकुरले आक्रमण गरी मारेको । |
| १२ | पोथि चित्तल | मिति २०७१।२।१ मा बाराही रिर्सोट प्रा.लि.को पारी पट्टी निकुञ्ज क्षेत्रमा कुकुरले आक्रमण गरी मारेको । |
| १३ | भाले चित्तल | मिति २०७१।२।३ गते देवनगर चितवनमा कुकुरले मारेको । |
| १४ | पोथि चित्तल | मिति २०७१।२।७ मा नारायणी नदीको मुसहर घाट नवलपरासीमा कुकुरले मारेको । |
| १५ | पोथि चित्तल | मिति २०७१।२।११ मा नारायणी नदीको मुसहर घाट नवलपरासीमा कुकुरले मारेको । |
| १६ | भाले चित्तल | मिति २०७१।२।२१ मा नारायणी नदीको मुसहर घाट नवलपरासीमा कुकुरले मारेको । |
| १७ | भाले चित्तल | मिति २०७१।२।२५ गते देवनगर चितवनमा कुकुरले मारेको । |
| १८ | भाले रतुवा | मिति २०७१।२।२६ मा कठार-९, पिद्रहनी, चितवनमा कुकुरले मारेको । |
| १९ | भाले लगुना | मिति २०७१।२।३० मा कठार-५, सुन्डी, चितवनमा कुकुरले मारेको । |
| २० | भाले जरायो | मिति २०७१।२।३१ गते ठोरीको शिकारी बास क्षेत्रमा चोरी शिकारीले भालाले हानी मारेको । |
| २१ | मगर गोही | मिति २०७१।३।२२ गते भण्डारा स्थित राजमार्गमा गाडीले कुल्चेर मारेको । |
| २२ | पोथि चित्तल | मिति २०७१।३।२३ गते निर्मलबस्ति-९, ओडार खोला, पर्सामा कुकुरले मारेको । |

## २०. वन्यजन्तुबाट भएको मानवीय क्षतीको विवरण:

| क्र. स. | घटना मिति | नाम थर | लिङ्ग | उमेर (बर्ष) | ठेगाना | मृत्यु/घाइतेको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १ | २०७०।१२।१६ | हरि प्रसाद चापागांई | पुरुष | ३८ | कल्याणपुर-४, चितवन | बंदेलले घाईते बनाएको |
| २ | ,, ,, | तिलक बहादुर कटार | पुरुष | ५० | ,, ,, | ,, ,, |
| ३ | २०७०।१२।२३ | नारायण प्रसाद थारु | पुरुष | ५६ | बघौडा-३, चितवन | निकुञ्जको धोवा र बोटेसिमरा पोष्टको बिचमा पर्ने रतनीघाट क्षेत्र निकुञ्जको सिमानाबाट करिब २५० मिटर निकुञ्ज भित्र अन्दाजी दिउसो १२:३० बजेको समयमा न्युरो टिप्न जाँदा गैंडाको आक्रमणबाट मृत्यु भएको |
| ४ | २०७१।१।२९ | थम माया नेपाली | महिला | ५१ | प्रगतीनगर-१, नवलपरासी | राष्ट्रिय निकुञ्जको सिर्के टापुमा निउरो टिप्न गएको अवस्थामा गैंडाले हानेर घाइते बनाएको |
| ५ | २०७१।२।१८ | राजेन्द्र घर्ती | पुरुष | २७ | मेघौली-९, चितवन | मकै बारीबाट निस्केर बंदेलले आक्रमण गरी घाईते बनाएको |
| ६ | २०७१।२।३१ | राम बहादुर कुमाल | पुरुष | ६९ | मेघौली-१, चितवन | मध्यवर्ती सामुदायिक वनबाट निस्केको गैंडाले आक्रमण गरी घाइते बनाएको |
| ७ | २०७१।३।३० | क्षेत्रमणी सिरिस मगर | महिला | ४७ | सुस्ता-८, त्रिवेणी, नवलपरासी | बाघको आक्रमणमा परी मृत्यु |

## २१. कार्यक्रमको प्रगति विवरणहरु (संक्षेपमा):

| सि.नं. | कार्य विवरण | इकाई | तेस्रो चौमासिक | | | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रिपती चुरे संरक्षण कार्यक्रमतर्फ : | | | कार्य लक्ष्य | | प्रगति | | |
| | | | बजेट | भार | बजेटा | भार | |
| अ. | पुँजिगत खर्च शिर्षक अन्र्तगतका कार्यक्रमहरु | | ५०० | २०।०० | ४९८।१८५ | २०।०० | १०० |
| आ. | चालु खर्च शिर्षक अन्र्तगतका कार्यक्रमहरु | | ०।०० | ०।०० | ०।०० | ०।०० | |
| | | | | | | | |
| राष्ट्रिय निकुञ्ज आयोजनातर्फ : | | | | | | | |
| अ. | पुँजिगत खर्च शिर्षक अन्र्तगतका कार्यक्रमहरु (३२९११५४)जम्मा | | ७०० | ६।४३ | ६९६।२१ | ६।४३ | १०० |
| आ. | चालू खर्च कार्यक्रमहरु (३२९११५३) तर्फको जम्मा | | २१०५ | १९।५८ | २०४२।०३ | १८।९८ | ९६।९३ |
| | | | | | | | |
| हात्तीसारतर्फ : | | | | | | | |
| अ. | पुँजिगत खर्च अन्र्तगतका कार्यक्रमहरु (३२९०१९४) जम्मा | | ७५ | १२।४० | ७४।९५२ | १२।४० | १०० |
| आ | चालु खर्च अन्र्तगतका कार्यक्रमहरु (३२९०१९३) जम्मा | | ५० | ८।२६ | ४८।४६ | ८।२६ | १०० |
| | | | | | | | |
| वन्यजन्तु संरक्षणको लागि क्षेत्रीय सहयोग प्रर्वद्धन आयोजनातर्फ : | | | | | | | |
| अ. | पुँजिगत खर्च शिर्षक अन्र्तगतका कार्यक्रमहरु (३२९१२७४) जम्मा | | ४०० | ४।८१ | ३९७।९५८ | ४।८१ | १०० |
| आ | चालु खर्च शिर्षक अन्र्तगतका कार्यक्रमहरु (३२९१२७३) | | ९९५ | ११।९४ | ९३८।०६१ | ११।३४ | ९४।९७ |

## २२. तराई भू-परिधि कार्यक्रम:

चालु आ.व. ०७०।७१ को लागि विभिन्न शिर्षकमा विनियोजन भएको बजेट अनुसार कार्यक्रमहरु मध्ये यस चौमासिक अवधिमा गर्नु पर्ने सम्पुर्ण कार्यहरु सम्पन्न भएका छन् ।

## २३.मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको वजेट र कार्यक्रम:

मध्यवर्ती क्षेत्रमा चालु आ.व.०७०।७१ को लागि प्राप्त भएको रु. १० करोड कार्यक्रमको स्थान छनौट गरी लागत ईष्टिमेट तयार गरी सम्वन्धित उपभोक्ता समितीहरुबाट ९ करोड ४३ लाख बराबरको कार्यक्रम सम्पन्न भएको छ ।

## २४ जैविक विविधता संरक्षण सुविधा कोष (BCF) को अवस्था:

| | |
|---|---|
| सहकारी संस्था :२३ वटा | शेयर सदस्य १४,७७८ (पुरुष ६५४७, महिला ८२३१) |
| कुल शेयर पूजि : रु १,८१,८५,८८८।०० | संस्थाको कुल बचत रु : ९,७४,८७,५३१।०० |
| संस्थाहरुको आन्तरिक ऋण परिचालन : रु १५,९१,१७,६२३।०० | BCF लगानी भएका संस्था : १५ वटा (लगानी रकम रु ६०,२१,९३९।०० |
| संस्थाहरुमा लगानी रही रहेको कुल (BCF) ऋण: रु ५९,०८,२११।०० | बैंक मौज्दात :रु ४,५३,९११।०० |
| समूह अर्न्तगत रहेको असुल हुनु पर्ने ऋण रु १,१३,७२८।०० | कुल BCF कोष रकम रु ६४,७५,८५०।०० |

## २५.तालिम/गोष्ठी/भ्रमण:

| क. सं. | कर्मचारीको नाम,थर | तालीम/ गोष्ठी / भ्रमण | अवधि | स्थान | आयोजक |
|---|---|---|---|---|---|
| १ | प्र.स.अ. श्री कमल जङ्ग कुँवर | वार्डेन सेमिनार | २०७०।१२।१७-१९ | गौरी शंकर संरक्षण क्षेत्र, तातोपानी | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग |
| २ | प्र.सं.अ. श्री कमल जङ्ग कुँवर | मानव वन्यजन्तु द्वन्द न्युनीकरण गोष्ठी | २०७०।१२।२१-२२ | काठमाडौं | ,, ,, |
| ३ | स.सं.अ. श्री वेद बहादुर खड्का | संरक्षण क्षेत्रको क्षमता अभिवृद्धि विषयक TOT | २०७१।२।१८-२६ | नेपाल प्रशासकिय प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर | रा.नि.तथा व.ज.सं. विभाग |
| ४ | रेन्जर वीरेन्द्र कुमार रोका | Smart Patrol Orientation Training | २०७१।२।७ | ,, ,, | चितवन राष्ट्रिय निकुञ्ज कार्यालय |
| ५ | रेन्जर कुन्नारायण चौधरी | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| ६ | रेन्जर ऋषि राम ढकाल | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| ७ | रेन्जर अविनाश थापा मगर | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| ८ | रेन्जर अविनाश थापामगर | लैंगिक समानता सम्वन्धि तालिम | २०७१।१।८-९ | भरतपुर, चितवन | तराई भु-परिधि कार्यक्रम |
| ९ | रेन्जर छत्र बहादुर खड्का | वन्यजन्तु अपराध अनुसन्धान तालिम | २०७१।१।३०-२।२३ | सौराहा, चितवन | रा.नि.तथा व.ज.सं. विभाग |
| १० | रेन्जर शुशिल झा | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| ११ | रेन्जर शुशिल झा | संरक्षण क्षेत्र व्यवस्थापन कानुनी दक्षता तालिम | २०७१/२/७-१४ | धुलिखेल, काभ्रेपलाञ्चोक | रा.नि. तथा ब.ज.सं विभाग |
| १२ | ना.सु श्री रामचन्द्र सापकोटा | ,, ,, | ,, ,, | ,, ,, | ,, ,, |
| १३ | ना.सु श्री रमेश बहादुर कुँवर | वन्यजन्तुको आखेटोपहार व्यवस्थापन तालिम | २०७१।२।७-१३ | सौराहा, चितवन | IDA-NTNC-BCC |
| १४ | खरिदार गोपाल पोखेल | अध्ययन अवलोकन भ्रमण | २०७१।१।२३-२७ | इलाम, दार्जिलिङ्ग | वन बरण्डाभार देवि म.सा.व. |
| १५ | गेमस्काउट चिज कुमार श्रेष्ठ | अध्ययन अवलोकन भ्रमण | २०७१।१।२३-२७ | इलाम, दार्जिलिङ्ग | वन बरण्डाभार देवि म.सा.व. |
| १६ | श्रीजंग गण र नयाँ भैरवीदल गुल्मबाट २२ जना | Smart Patrol Orientation Training | २०७१।२।७ | ,, ,, | चितवन राष्ट्रिय निकुञ्ज कार्यालय |
| १७ | हात्तीसारका फणित, पछुवा र माहुतहरु जम्मा ४० जना | आधारभुत पुर्नताजगी तालिम | २०७०।१२।२०-२१ | सौराहा | चितवन राष्ट्रिय निकुञ्ज |
| १८ | हात्तीसारका फणित, पछुवा र माहुतहरु जम्मा ४० जना | हात्तीसार सम्वन्धि आधारभुत पुर्नताजगी तालिम | २०७१।२।८-९ | ,, ,, | चितवन राष्ट्रिय निकुञ्ज र WWF नेपाल |

## २६.संरक्षण शिक्षा/स्कुल कार्यक्रम :



चितवन राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा जैविक विविधता र यसको महत्वको बारेमा विभिन्न स्कूलमा कक्षा ७ देखि १० सम्मका विद्यार्थीहरुलाई जानकारी गराई संरक्षणमा सहभागि गराउने उद्देश्यले यस निकुञ्जले समय समयमा स्कुल कार्यक्रम गर्ने गरेको छ। यसै क्रममा कसरा सेक्टर अन्तर्गत श्री सरस्वती मा.वि. जगतपुर-४ र पश्चिम सेक्टर अमलटारी अन्तर्गत नारायणी नि.मा.वि. प्रगतीनगरमा इको क्लबका विद्यार्थीहरुलाई संरक्षणसम्वन्धी जानकारी र बृत्तचित्र प्रदर्शन गरियो ।

## २७. लक्ष्मणगज हात्ती विरामी भएको:



यस निकुञ्जको दिव्यपुरी पोष्टमा रहेको ५ वर्ष ७ महिनाको लक्ष्मणगज हात्ती मिति २०७१।३।२६ गते चराउन जाँदा करिब दिउसो ३:३० बजेको समयमा अकस्मात बसेको र सो को खवर पोष्टबाट प्राप्त हुने बित्तिकै २ घण्टाभित्र यस कार्यालयका वरिष्ठ पशु चिकित्शकको टोली सौराहाबाट हात्ती बसेको ठांउमा पुगी निरन्तर दैनिक औषधि उपचारको कार्य भैरहेको छ ।

## २८. चितुवा उद्धार गरी निकुञ्जमा छोडियो:

गोरखा जिल्ला गोरखा नगरपालिका वडा नं. ६ स्थित चन्द्र श्रेष्ठको घरमा मिति २०७१।३।२३ गते विहान भान्छा कोठामा पसेको भाले चितुवालाई जिल्ला वन कार्यालय, गोरखा र नेपाल प्रहरीको टोलीले सोही कोठामा थुनेर राखी उक्त चितुवाको उद्धारको लागि यस कार्यालय र राष्ट्रिय प्रकृति संरक्षण कोष-जैविक विविधता संरक्षण केन्द्रबाट गएको प्राविधिक टोलीले डार्ट गरी बेलुका ५:३० बजेको समयमा उद्धार गरेर ल्याएको १७० से.मी. शिर देखि पुच्छर सम्मको लम्बाई भएको उक्त चितुवालाई मिति २०७१।३।२४ गते विहान ७:०० बजेको समयमा यस निकुञ्जको प्राकृतिक बासस्थान तमोरताल क्षेत्रमा छोडिएको छ ।



**पठाउनेको नाम:** ……………………………………………………

**ठेगाना:** ……………………………………………………

……………………………………………………


**थप जानकारीको लागि सम्पर्क**

**चितवन राष्ट्रिय निकुञ्ज कार्यालय**

**कसरा, चितवन ।**

**फोन नं. ०५६-४११०२४, ४११०२५**

**इमेल** : info@chitwannationalpark.gov.np

**वेवसाइट** : www.chitwannationalpark.gov.np